नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
(........................................)

महानिर्देशक:- ५३४७०३७
प्रशासन:- ५३६२२२८ (निर्देशक)
भृकुटीमण्डप, काठमाडौं ।

पत्र संख्या:-
च.नं.:-

# प्रेस विज्ञप्ति

सन् २०२५ को शरद ऋतुमा यस विभागवाट ड्रिमर्स डेस्टिनेशन ट्रेक एण्ड एक्सपिडिसन प्रा.लि.को व्यवस्थापनमा डोल्मा खाङ्ग (६३३२ मि.) हिमाल आरोहणको लागि अनुमति लिएका ३ जना आरोहण दलका सदस्य र २ जना पर्वतीय पथप्रदर्शकहरु मध्ये आरोहीहरु Mr. Paolo Cocco (Italy) र Mr. Marco Di Marcello (Canada) तथा पर्वतीय पथप्रदर्शक श्री पदम तामाङ्ग (ना.प्र.नं. ४४६५६) मिति २०८२।०७।१७ गते दोलखामा हिमपहिरोमा परी वेपत्ता भएको भनि सम्बन्धित एजेन्सीवाट विभागमा जानकारी प्राप्त भएको र निजहरुको खोज तथा उद्धारको लागि सम्वन्धित एजेन्सीलगायत अन्य सरोकारवाला निकायहरुसँग निरन्तर समन्वय र सहजीकरण गरिरहेको बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

साथै, यस विभागबाट गोरखा जिल्लामा अवस्थित पानवारी हिमाल (६८८७ मि.) आरोहणको लागि शेर्पा अल्पाईन ट्रेकिङ्ग सर्भिस प्रा.लि. मार्फत अनुमति प्राप्त २ जना आरोही इटालियन नागरिक Mr. Farronato Stefano (Passport No. YB6264888) र Mr. Caputo Alessandro (Passport No. YB9422979) २०८२।०७।११ गतेदेखि भारी हिमपातको कारणले हराईरहेकोमा आज मृत अवस्थामा फेला पारी निजहरुको शव काठमाडौं ल्याईसकिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ । विभाग मृतकप्रति हार्दिक श्रद्धान्जली तथा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।

२०८२/०७/१८

(शर्मिला वन्जाडे)
शाखा अधिकृत

२०८२ कात्तिक १८ गते मंगलवार
ने.स.११४६ कछलाथ्व ४ मंगलवार



CamScanner